# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

## प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा २२० को उपधारा (३) मा भएको व्यवस्था बमोजिम जिल्ला सभाले बढीमा ९ (नौ) जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था भएको र सो प्रयोजनको लागि मिति २०७४/०३/१५ गते विहिवारका दिन जिल्ला सभाका जेष्ठ सदस्य बूढानीलकण्ठ नगरपालिकाका उपप्रमुख रमा राईज्यूको अध्यक्षतामा बसेको काठमाडौं जिल्ला सभाको पहिलो बैठकवाट देहाय बमोजिमको निर्णय गरिएको छ ।

<u>निर्णय नं. १</u>

नेपालको संविधानको धारा २२० को उपधारा (३) मा भएको व्यवस्था बमोजिम जिल्ला सभाले बढीमा ९ (नौ) जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था भएको र सो प्रयोजनको लागि जिल्ला सभाको बैठकवाट जिल्ला समन्वय समितिमा रहने सदस्य संख्या निर्धारण गर्नु पर्ने भएकोले यस काठमाडौं जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख सहित जम्मा ९ (नौ) जना सदस्य रहने ।

<u>निर्णय नं. २</u>

स्थानीय तहको निर्वाचनमा सकृय सहभागी भई सफल वनाउन सहयोग गर्नु भएकोमा काठमाडौं जिल्लावासी, सम्पूर्ण मतदाता, शुभेच्छुक जनसमुदाय र निर्वाचन आयोग एवं निर्वाचनमा खट्नुभएका कर्मचारी, सुरक्षाकर्मी लगायत सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्ने ।